# राष्ट्रिय मानव अधिकार आयोग
## मधेश प्रदेश कार्यालय
### जनकपुरधाम, धनुषा


मिति: २०८३।२।१३
ने.सं. ११४६

## आयोगको २६औँ बार्षिकोत्सवको अवसरमा जनकपुरधाममा आयोजित समारोहमा कार्यालय प्रमुखले दिनु भएको मन्तव्य

समारोहका प्रमुख अतिथी प्रदेश प्रमुख माननीय डा. सुरेन्द्र लाभज्यू
सरकारी कार्यालयका कार्यालय प्रमुखज्यूहरु
नागरिक समाजका प्रतिनिधिहरु र
महिला/मानव अधिकार रक्षकहरु

श्री राष्ट्रिय मानव अधिकार आयोगको २६औं बार्षिकोत्स कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्विकार गरी कार्यक्रममा उपस्थित भई अमुल्य समय प्रदान गर्नु हुने यहाँहरु सबै जना प्रति धेरै धेरै आभार प्रकट गर्न चाहन्छु ।मानव अधिकार, समानता र न्यायको महाअभियानमा योगदान गर्दैगर्दा दिवङ्गत हुनु भएका मानव अधिकारकर्मीहरू र जेन-जी आन्दोलन लगायतका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण शहीदहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।सुन्दर, समुन्नत र सुसंस्कृत राष्ट्र निर्माणको पहिलो आधार- अधिकार र दायित्वको समुचित प्रयोग र परिपालना हो ।हामी सबै आ-आफ्नो स्थानबाट अधिकारको प्रयोग र कर्तव्यको पालनामा थप जिम्मेवार बन्नुपर्ने आजको सख्त आवश्यकता रहेको छ ।

**माननीय प्रदेश प्रमुखज्यू**

राष्ट्रिय मानव अधिकार आयोग आजैका दिन २०५७ सालमा स्थापना भएको थियो ।देशमा सशस्त्र द्धन्द्ध जारी रहेको बेलामा कानूनी संयन्त्रको रुपमा स्थापित यो आयोग हाल संवैधानिक निकायमा परिणत भएको छ ।आज २६औं बर्ष पुरा गरी २७औं बर्षमा प्रवेश गरेको छ। यस अवसरमा हरेक व्यक्तिको मानव अधिकारको उच्च सम्मान, संरक्षण र प्रवर्द्धनका लागी हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

आयोगले मानव अधिकारका विषयमा नेपाल सरकार समक्ष गरेका सिफारिसहरुको कार्यान्वयनको स्तर सन्तोषजनक छैन ।हालसम्म आयोगका सिफारिस १३.२९ प्रतिशत मात्र पूर्ण कार्यान्वयन भएको छ ।Global Alliance of National Human Rights Institutions-GANHRI(गानरी)ले मार्च २०२५ मा आयोगको A Status कायम नै गरेको छ। यो उपलब्धि हामी सबैको उपलब्धि हो । यसका लागी नेपाल सरकारले आफनो स्थानबाट निर्वाह गरेको भुमिकाको आयोगले सराहना गर्दछ ।


फोन नं. ०४१-५९०३१३/१४/१५, पो. ब. नं. ५० वेभसाइट www.nhrcnepal.org इमेल-nhrcjnk@nhrcnepal.org

पेरिस सिद्धान्त बमोजिम आयोगको ऐन परिमार्जन गर्न, आर्थिक स्वायत्तता (Financial Autonomy) र पर्याप्त स्रोत साधन (Adequate Resources) उपलब्ध गराउने विषयमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार सन्यन्त्रहरुबाट हुदै आएको सिफारिसलाई नेपाल सरकारले स्विकार गर्दै आएतापिन हालसम्म आयोगको ऐन अझै जारी हुन सकेको छैन ।यसले आयोगको प्रभावकारितामा नकारात्मक असर पर्नुका साथै मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षणको विषय पनि ओझेल मै परेको छ ।

**माननिय प्रदेश प्रमुखज्यू**

विगतको सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन, मधेश आन्दोलनको कठिन समयमा समेत आयोगले अनेकौं चुनौतीहरुको सामना गर्दै मानव अधिकारको संरक्षण कार्य गर्दै आइरहेको व्यहोरा विदितै छ । सशस्त्र द्वन्द्वकालीन घटनाका पीडितहरुको न्याय प्राप्तिमा ढिलाई हुँदा पीडितहरुको अधिकार हनन् भइरहेको तर्फ राज्य पक्षको ध्यान समयमै पुग्न आवश्यक छ ।नागरिक तथा राजनीतिक अधिकारहरुको तुलनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको प्राप्ति र उपभोग सन्तोषजनक हुन सकेको छैन ।बदलिँदो विश्वपरिवेशमा व्यवसाय र मानव अधिकार, जलवायु परिवर्तन लगायतका विषयक जल्दोबल्दो विषय बनेको छ । व्यवसाय क्षेत्रको सुरक्षा र व्यवसायीहरुले वहन गर्नुपर्ने दायित्वलाई मानव अधिकारसित आवद्ध गर्न सकेमा मात्रै व्यवसायी र सरोकारवालाको मानव अधिकार सुनिश्चित हुन सक्दछ ।

मधेश प्रदेशमा ८ जिल्ला, १३६ स्थानीय तह र १२७१ वडा रहेका छन्। कुल जनसंख्या ६१,१४,६०० मध्ये गरीबी दर २२.५३ प्रतिशत रहेको छ। बाल विवाह दर १९.९ प्रतिशत र विद्यालय बाहिर रहेका बालबालिका १४ प्रतिशत छन्। दलित समुदायमा साक्षरता दर न्यून (४८.१ प्रतिशत) रहेको छ। २४ प्रतिशत बालबालिका जन्मदर्ता विहीन छन् ।मधेश प्रदेशको कुल जनसङ्ख्याको १२ प्रतिशत जनसङ्ख्या शौचालय पहुँच वाहिर रहेका छन् ।घरेलु महिला हिंसा, लैङ्गिक हिंसा, दाइजो प्रथाले महिला अधिकारको सम्मानमा आघात पुर्याइरहेको छ ।भेदभाव तथा छुवाछुतजन्य कार्य कायमै रहेको छ ।प्रतिष्ठानहरुमा श्रमिकहरुको कमजोर अधिकार अवस्थाले प्रदेशको मानव अधिकारको सम्मान तथा संरक्षण कार्य चुनौतिपुर्ण रहेको छ ।

आयोगले जनकपुरधाममा सम्वत् २०६२ साल चैत्रमा शाखा कार्यालयको स्थापना गरी हाल प्रदेश कार्यालयबाट सेवा प्रवाह गर्दै आइरहेको छ । कार्यालयमा सम्वत् २०८३ बैशाख सम्म ४३२(चार सय बतिस) थान उजुरी चालु रहेका छन् । चालु आर्थिक बर्षमा कुल ३१ उजुरी दर्ता भएको छ । पाँच वटा अनुसन्धान मिसन खटाइएको छ ।७१ उजुरी उपर कारवाही सम्पन्न गरी निर्णयार्थ सक्कल फाइल आयोगको केन्द्रिय कार्यालय पठाइएको छ । सामान्य प्रकृतिका निवेदन तथा जानकारी ३८ वटा रहेको छ ।कार्यालयमा आएका ५८ जना सेवाग्राहीलाई आवश्यक परामर्श दिइएको छ ।

मानव अधिकार प्रवर्द्धन कार्यक्रम १० वटा सम्पन्न भएको छ ।बाहिय ४५ वटा कार्यक्रकमा सहभागिता जनाइएको छ ।कार्यालयमा आन्तरिक बैठक १५ वटा गरिएको छ ।मानव अधिकारका ३१ विषयमा अनुगमन गरिएको छ ।जेनजी आन्दोलन, प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२, हिन्दु मुस्लिम द्धन्द्ध, इटा उद्योगमा पारिश्रमिक नदिइएको, यातना दिइएको, बाल श्रम शोषण गरिएको, वीरगंज सडक विस्तारमा मानव अधिकारको पालना नभएको, सिरहाको औरहीमा नागरिकलाई बाधछाद गरी कृषि सडक वनाइएको, सैनिक इलाकामा विष्फोटक पदार्थ विष्फोट हुदा बालकहरु घाइते भएको लगायतका केही प्रमुख घटनाहरु रहेका छन् ।

आयोगलाई प्राप्त कार्यादेश निर्वाहका लागी सरकारी निकाय तथा नागरिक समाजसितको समन्वय सहकार्य महत्वपुर्ण रहदै आएको छ ।समन्वय सहकार्यबाट मानव अधिकारको विषयमा सन्तोषजनक उपलब्धि प्राप्त भएको छ ।कार्यालयमा मानव संशाधन व्यवस्था सन्तोषजनक रहेको तर स्रोत साधनको उपलब्धता निकै जर्जर अवस्थामा रहेको छ ।वजेट अभावको कारण विगत तीन महिनादेखी सवारीसाधन मरम्मत हुननसकि अनुगमन अनुसन्धान कार्य प्रभावित भएको छ ।यस अवस्थालाइ मध्यनजर गरी कार्यालयले मधेश प्रदेश सरकारसित केही सहयोगको अपेक्षा गरी पत्राचार पनि गरेको छ ।आशा गरौ यस आर्थिक बर्षको कार्यक्रम तथा वजेट निर्माणमा सम्बोधन हुनेछ ।प्रारम्भदेखि नै भाडाको घरमा कार्यालय संचालन हुदै आएको छ ।स्थायी संरचनाको लागी नियमित प्रयास हुदै आएतापनि सम्भव हुनसकेको छैन ।पछिल्लो समयमा यसको पुन: प्रयास अगाडी बढाइएकोले आवश्यक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

नेपाल सरकार, प्रदेश सरकार, नागरिक समाज, मानव अधिकार रक्षक र मिडिया प्रतिनिधिहरुबाट आयोगलाई प्राप्त सद्भाव र सहयोग निरन्तर रहिरहनेमा विश्वस्त हुदै सोको लागी समेत आभार प्रकट गर्दछु।

अन्त्यमा, आफ्नो अमूल्य समय प्रदान गरी यस समारोहमा उपस्थित प्रमुख अतिथि माननीय प्रदेश प्रमुखज्यू लगायत सबैमा कृतज्ञता अर्पण गर्दछु ।

धन्यवाद !

मिति : २०८३/०२/१३ गते ।

बुद्धनारायण साहनी
सहसचिव
कार्यालय प्रमुख